"पाँचखाल नगर - कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY: ०७७/०७८, 077/078
च.नं./Ref No.: १२०५

मिति : २०७७/०७/१७

बिषयः सुचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालय
पाँचखाल नगरपालिका, वडा नं. १३

प्रस्तुत बिषयमा यस पाँचखाल नगरपालिकाको वडा नं. १३ स्थित सुनकोशी नदि किनारको वरको बोट भन्दा तल केहि भू - भागमा ढुंगा, गिट्टी, बालुवा संकलन तथा व्यवस्थापनको लागि IEE तयार गर्ने क्रममा पाँचखाल नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ६ को उपदफा ३ को प्रयोजनार्थ राय सुझाब संकलन गर्न सात दिनको अवधि तोकी सार्बजनिक स्थलमा सूचना टाँस गर्नुपर्ने व्यवस्था रहेको हुँदा सोहि बमोजिमको सुचना तयार गरी टाँस गर्न गर्न यस नगरपालिकाबाट प्रकाशित सुचना यसै पत्र साथ् संलग्न गरिएको छ । उक्त सुचना तहाँ वडा कार्यालय एवं वडा भित्र विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको उपस्थिति हुने अन्य सार्बजनिक स्थानहरुमा समेत टाँस गर्नुहुन अनुरोध छ ।

शिव प्रशाद हुमेगाई

प्रमुख प्रशासकीय अधिकृत

"पाँचखाल नगर - कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY: ०७७/०७८, 077/078
च.नं./Ref No.: १२०५

## प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सूचना

**प्रकाशित मिति:२०७७/०७/१७**

वागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: पाँचखाल नगरपालिका<br>ठेगाना: पाँचखाल नगरपालिका , नगर कार्यपालिकाको कार्यालय- पाँचखाल, काभ्रेपलाञ्चोक<br>फो.न —०११ ४९९४५१<br>ईमेल: panchkhal.municipality@gmail.com |
| प्रस्तावको व्यहोरा | पाँचखाल नगरपालिका भएर बग्ने सुनकोशी नदीको वरको बोटदेखि तलका क्षेत्र किनारमा रहेका बगर क्षेत्रमा रहेका ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यका लागी प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा /वडा | काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल नगरपालिका वडा न १३ । |

माथि उल्लिखित प्रस्तावको वातावरणी अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली , सामाजिक प्रणाली , सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न पाँचखाल नगरपालिका वडा नं. १३ वडा समिति, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: पाँचखाल नगरपालिका<br>ठेगाना: पाँचखाल नगरपालिका , नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक<br>फो.न —०११ ४९९४५१<br>ईमेल: panchkhal.municipality@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नाम: सेन्टर फर क्लाइमेट एंड इन्भायरोमेन्ट रिसर्च<br>ठेगाना: ज्वागल, ललितपुर , नेपाल<br>फो.न — ९८४१५२५२५६<br>ईमेल: info@ccernepal.org |

०७/७/१७

शिव प्रसाद हुमेगाई

प्रमुख प्रशासकीय अधिकृत